Regional News Bulletin July 12, 2026

**यो आकाशवाणी गान्तोक हो।**

## Indra Hang-Badminton: DD Dulal

स ा ंसद सदस्य इन्द्र हाङ सुब्बाको लोकसभा कोष अन्तर्गत **ही याङथाङ** स्कूल हलमा जडान गरिएको नयाँ ब्याडमिन्टन कोर्ट म्याटको आज ग्रीष्मकालीन ब्याडमिन्टन शिविर–२०२६ को समापन समारोहमा उद्घाटन गरिएको छ। शिविर ही याङथाङ शटलर्सले यसका अध्यक्ष सुरेन लिम्बूको नेतृत्वमा आयोजना गर ेको थियो, जसमा पेशेवर ब्याडमिन्टन खेलाडी तथा प्रशिक्षक अतुल खवासले प्रशिक्षण सञ्चालन गरेका थिए। यस नयाँ कोर्ट म्याटले खेलकुद पूर्वाधारमा सुधार ल्याउने र यस क्षेत्रका इच्छुक ब्याडमिन्टन खेलाडीहरूलाई राम्रो प्रशिक्षण सुविधा प्रदान गर्ने अपेक्षा गरिएको छ।

## Kala Rai-Cleanliness: DD Dulal

नवगठित स्वस्तिक युवा फोरमले आज आयोजना गरेको सफाई अभियानका क्रममा सञ्चारकर्मीलाई सम्बोधन गर्दै, क्षेत्र विधायक कला राईले सरकार वा गान्तोक नगर निगममा मात्र भर पर्नुको सट्टा आफू वरपरको वातावरण सफा राख्ने जिम्मेवारी आफै बहन गर्न स्थानीय बासिन्दाहरूलाई आग्रह गर्नुभयो। उहाँले निर्माण भग्नावशेष र अन्य फोहोर झोराहरूमा फ्याँकिएक ामा चिन्ता व्यक्त गर्नका साथै, गान्तोक नगर निगम काउन्सिलरहरूलाई निरापत्ति प्रमाणपत्र, एन.ओ.सी जारी गर्नुअघि फोहोर बिल रसिदहरू प्रमाणित गर्न अपील गर्नुभयो ताकि उचित फोहोर छुट्याउने र विसर्जन गर्ने कार्यलाई उचित रूपमा प्रवर्धन गर्न सकियोस्। फोरमले बालुवा खानीदेखि स्वस्तिकसम्म फुटपाथ निर्माणलाई सहज बनाउन पनि क्षेत्र विधायकलाई अनुरोध गरेको छ।

## Sikkim Paryavaran Parva 2026: IPR

**सिक्किम पर्यावरण पर्व २०२६** को उत्सवको एक भागको रूपमा, गान्तोक डिभिजन अन्तर्गतका विभिन्न क्षेत्रले बिरूवारोपण र सरसफाइ अभियानहरू आयोजना गरे, जसले वातावरण संरक्षण र दिगो वन व्यवस्थापनप्रति सामूहिक प्रतिबद्धतालाई सुदृढ बनाउनमा टेवा पुऱ्याउनेछ। यी गतिविधिहरूले पर्यावरणीय जागरूकता प्रवर्धन गर्न, सामुदायिक सहभागितालाई सुदृढ पार्न र पर्यावरणीय पर्व २०२६ को पालनामार्फत सिक्किमको समृद्ध प्राकृतिक सम्पदाको संरक्षण गर्न, वन विभागले चालेका निरन्तर प्रयासहरूलाई प्रतिबिम्बित गर्दछ।

## Gangtok-SFA: DD Dulal

सिक्किम फुटबल संघले २०२६-२०३० कार्यकालको लागि सुवास तामाङलाई रेफ्री प्रमुखका रूपमा चयन गरेको छ। संघले श्री तामाङलाई उनको सफल चयनप्रति बधाई दिँदै, उनको नेतृत्वले सिक्किममा फुटबल अम्पायरिङ सशक्त बन्ने विश्वास व्यक्त गरेको छ। संघका अनुसार, उनको कार्यकालले रेफ्रीको स्तर बढाउन, व्यावसायिकतालाई प्रवर्धन गर्न र राज्यमा फुटबलको समग्र विकासलाई सहयोग गर्न महत्त्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ।

## EPFO-AMNESTY SCHEME: NSD

कर्मचारी भविष्य कोष सङ्गठन, EPFO ले एमनेस्टी योजना, २०२६ सुरु गरेको छ, जसले छुट प्राप्त भविष्य कोष ट्रस्टहरू सञ्चालन गर्ने प्रतिष्ठानहरूलाई उनीहरूको स्थिति नियमित गर्न एक पटकको अवसर प्रदान गर्दछ। श्रम तथा रोजगार मन्त्रालयले यो योजना छ महिनाको अवधिका लागि खुला रहने बताएको छ। यो योजना आयकर ऐन, १९६१ अन्तर्गत मान्यता प्राप्त भविष्य कोष ट्रस्ट सञ्चालन गर्ने

प्रतिष्ठानहरूमा लागू हुन्छ। मन्त्रालयले भनेको छ, योग्य प्रतिष्ठानहरूले सम्बन्धित क्षेत्रीय कार्यालयमा इमेलमार्फत औपचारिक आवेदन पेश गर्नुपर्नेछ।

## PIB Fact Check-Mudra Yojana: NSD

सरकारले प्रशोधन शुल्कका रूपमा ३५० रूपियाँ भुक्तानी गरी **प्रधानमन्त्री मुद्रा योजना** अन्तर्गत पाँच लाख रूपियाँ ऋण प्रदान गर्ने दाबी गरिएको नक्कली स्वीकृति पत्रको खण्डन गरेको छ। पत्र सूचना कार्यालय, पी.आई.बीको तथ्य जाँच एकाईले उक्त पत्रलाई नक्कली घोषित गरेको छ। पी.आई.बीले माइक्रो युनिट्स डेभलपमेन्ट एण्ड रिफाइनान्स एजेन्सी, **मुद्राले** माइक्रो-उद्यमीहरू वा व्यक्तिहरूलाई सिधै ऋण दिँदैन भनी स्पष्ट पारेको छ। पी.आई.बीले नागरिकहरूलाई त्यस्ता नक्कली समाचारहरूबाट सचेत रहन आग्रह गरेको छ र त्यस्ता सन्देशहरूका आधारमा पैसा स्थानान्तरण नगर्न र व्यक्तिगत वा बैङ्किङ विवरणहरू पनि साझा नगर्न सुझाव दिएको छ।

## Mangan-Pre-Subroto Final: IPR

सिक्किम सरकारको खेलकुद तथा युवा मामिला विभागद्वारा आयोजित ६५ औँ प्रि-सुब्रोतो अन्तर्राष्ट्रिय फुटबल प्रतियोगिता २०२६ को जिल्ला-स्तरीय फाइनल खेल आज मङ्गन जिल्लामा सफलतापूर्वक सम्पन्न भयो। प्रतियोगितामा जिल्लाभरिका विद्यालयहरूबाट १५ वर्षमुनिका केटाहरू, १७ वर्षमुनिका केटाहरू र १७ वर्षमुनिका केटीहरू वर्गमा उत्साहजनक सहभागिता देखिएको थियो। कार्यक्रममा मङ्गनका जिल्लापाल अनन्त जैन र अन्य विशिष्ट व्यक्तिहरूको उपस्थिति रहेको थियो। प्रतियोगितामा कुल नौ विद्यालयले भाग लिएका थिए।

**आकाशवाणी गान्तोकबाट प्रदेशिक समाचार पूरा भयो।**